# सहकारी क्षेत्रको स्थिति पत्र

# (Status Paper)

नेपाल सरकार

## राष्ट्रिय सहकारी नियमन प्राधिकरण

**(NATIONAL COOPERATIVES REGULATORY AUTHORITY)**

पुल्चोक, ललितपुर ।

चैत, २०८२

नेपाल सरकार
Government of Nepal
Website: www.ncra.gov.np
राष्ट्रिय सहकारी नियमन प्राधिकरण
National Cooperatives Regulatory Authority (NCRA)
फोन नं. ०१-५०१०१३१
०१-५०१०२३७
E-mail:
admin@ncra.gov.np
info@ncra.gov.np
(स्थापना-२०८१)
Estd.-2081
पुल्चोक, ललितपुर

पत्र संख्या :
चलानी नं. :

## अध्यक्षको मन्तव्य

सात दशक लामो सहकारी अभियान मुलुकको अर्थसामाजिक परिचालनको महत्वपुर्ण आधार र माध्यम बनेको छ । ग्रामीण अर्थतन्त्रको बाहुल्यता रहेको मुलुकमा जनताको आधारभूत जीवनस्तर माथी उठाउन सहकारी क्षेत्रले खेलेको भूमिका प्रशंसनीय रहेको देखिन्छ । हालसम्म सहकारी क्षेत्रले १.०९ करोड जनताको अवद्धताका साथै ९०,२६५ जनाको प्रत्यक्ष रोजगारीका अवसर श्रृजना, करीव रु.११ .२५ खर्ब बचत परिचालन, रु.९ .२३ खर्ब ऋण लगानी सहित अर्थतन्त्रमा सहकारीको योगदानलाई स्थापित गरेको पाईन्छ ।

संविधानमै अर्थतन्त्रको एक महत्वपुर्ण स्तम्भका रुपमा स्विकार गरिएको सहकारी क्षेत्रको संख्यात्मक र मात्रात्मक विस्तार सन्तोषजनक रहेता पनि यस क्षेत्रमा विभिन्न प्रकारका जटिलता समेत विकसित हुँदै आए । सहकारी क्षेत्रमा विकासको सात दशकको अवधीमा विभिन्न प्रकारका जटिलता र समस्या समेत उत्पन्न भएका छन् । कतिपय सहकारीले बचतकर्ताको बचत रकम फिर्ता गर्न नसक्नु, सदस्यमा प्रवाह भएका ऋण लगानीको असुलीमा उल्लेखनीय प्रगती नदेखिनु, सहकारीको मुल्य मान्यता र सिद्धान्तको पालनामा कमीकमजोरी देखिनु, सहकारीको मर्म र व्यवहारमा ठूलो भिन्नता देखिनु, गुणस्तरीय सहकारी शिक्षाको अभावका कारण सहकारीप्रतिको आकर्षण र जिम्मेवारी बढ्न नसक्नु यसका केही उदाहरण हुन् ।

बढ्दो समस्या र जटिलताका कारण समग्र सहकारी क्षेत्र नै समस्यामूलक भएको हो कि भन्ने भ्रम पनि पैदा भएको छ । यस अवस्थामा, आगामी दिनमा सहकारी क्षेत्रको जोखिम न्यूनीकरण गर्न प्राधिकरण थप कृयाशिल हुन आवश्यक रहेको छ । यस सन्दर्भमा, उपलब्ध साधनश्रोतको उपयोग गरी सहकारीको विवेकशील नियमन तथा प्रभावकारी सुपरिवेक्षणका माध्यमले सहकारीमा सुशासन कायम गर्दै सहकारीका बचतकर्ता सदस्यको बचत रकमको सुरक्षणको प्रत्याभूति दिने काममा प्राधिकरण प्रतिवद्ध रहने छ । सहकारी क्षेत्रको गुणस्तर विकासमा सबै सरोकारोवालाहरुलाई यथोचित रुपमा सद्भाव र सहयोगका लागि अनुरोध समेत गर्दछु ।

सहकारीको स्थितीपत्र तयार पार्ने काममा उल्लेखनीय भूमिका निर्वाह गर्ने स्थितीपत्र मस्यौदा कार्यदलका संयोजक एवम् प्राधिकरणका विज्ञ सदस्य डा. रमेश चौलागाईंलाई विशेष धन्यवाद दिन्छु । त्यसैगरी स्थितीपत्रका मस्यौदा गर्ने कार्यदलका सदस्य एवम् प्राधिकरणका निर्देशक शुसिल कुमार दास सहित सहयोग पुर्याउनु हुने सम्वद्ध सबैलाई धन्यवाद दिन्छु ।

डा. खगराज शर्मा
अध्यक्ष
राष्ट्रिय सहकारी नियमन प्राधिकरण

मितिः २०८२।१२।१०

# खण्ड -क
# सहकारीको विगतदेखि बर्तमानसम्म

## पृष्ठभूमी

विभिन्न समाज र समुदायमा बसोवास गर्दै आएका मानिसहरुबीचको समन्वय, सहकार्य, सामाजिक सद्भाव, सहयोग आदानप्रदान, आदि नै सहकारीताका आधार हुन् । प्राचिन कालमा अभ्यासमा रहेका बस्तु विनिमय, अर्मपर्म, ऐंचोपैंचो, उधारो लेनदेन, श्रम तथा सरसापटीको आदानप्रदान र आधुनिक कालमा सामूहिक उत्पादन, शोषण र विभेद रहित विक्रि वितरण, सामूहिक कृषि तथा व्यवसाय, बचत संकलन तथा ऋण लगानी, साना तथा घरेलु उद्योगलाई प्रेत्साहन, तालिम तथा अनुभव आदानप्रदान, भ्रमण, अवलोकन तथा सिकाई, आदि सहकारीताका केही उदाहरण हुन् । सहकारिताका प्रयास, स्वरुप तथा प्रयोगहरु स्थान तथा जातजातीविशेष पनि फरक रहेको देखिन्छ । संस्थागत रुपमा भने २०१३ साल चैत २० गते चितवन जिल्लामा दर्ता भएका बखानपुर सहकारी ऋण समिति लगायतका १३ वटा सहकारी संस्थालाई सहकारी विकासको प्रारम्भिक चरणका रुपमा लिईएको छ ।

सहकारीको प्रवर्धनका लागि उल्लेखनीय अग्रसरता निर्दिष्ट सहकारी कार्यक्रमको रूपमा २०२६ सालमा लिइएको देखिन्छ । कार्यक्रम प्रारम्भमा २० जिल्लामा लागू गरी २०३२ सालसम्ममा सहकारी विकासको काम हुन सकेका ६० जिल्लामा बिस्तार गरिएको थियो । पुनः २०३३ सालमा सहकारी बिस्तार गर्न ग्रामीण विकासका लागि संस्थागत व्यवस्थाका लागि साझा कार्यक्रमको रूपमा आएको थियो । साझा कार्यक्रम प्रकृतिगत रूपमा निर्दिष्ट सहकारी कार्यक्रमसँग मिल्दोजुल्दो थियो । निर्दिष्ट कार्यक्रमको अभिमुखीकरण सङ्कुचनतर्फ देखिन्थ्यो भने साझा कार्यक्रम बिस्तारतर्फ लक्षित थियो । प्रारम्भमा ३० जिल्लामा लागू गरिएको साझा कार्यक्रममा साझा संस्थाहरूलाई ग्रामीण जनजीवनमा आवश्यक ऋण, मलबीउ, प्राविधिक सल्लाह लगायतका कृषि सामग्री, कृषि उपजको सञ्चय, प्रशोधन र बजार व्यवस्था, दैनिक उपभोग्य वस्तुहरू आदि सम्पूर्ण सेवाहरूको प्रवाह बिन्दुको रूपमा लिइएको देखिन्छ ।

खेतीपातीबाट फुर्सद मिलेको समयमा परम्परागत सीप, स्थानीय कच्चापदार्थ तथा बजार हेरी सानातिना उद्योगधन्दाहरू पनि साझा संस्थाहरूबाटै चलाउन सकिन्थ्यो । सार्वजनिक संस्थानहरूद्वारा उत्पादन वा आपूर्ति गरिने कृषि औजार, बीउ, मल, उपभोग्य वस्तु आदिको वितरणका साथै खरिद वा निर्यात गरिने धान, दलहन, कपास, जडिबुटीजस्ता पैदावारको सङ्कलनका माध्यम पनि साझा संस्थाहरू नै हुन सक्दथे । वि.स. २०१९ सालदेखि सुरु भएको भूमिसुधार कार्यक्रम, कृषि पुनर्संगठन कार्यक्रम तथा निरीक्षण ऋण प्रणाली, निर्दिष्ट सहकारी कार्यक्रम, २०२४, अनिवार्य बचत कार्यक्रम, २०१९, गैह्रकृषि साझा कार्यक्रम, साना किसान सहकारी संस्था, एकीकृत ग्रामीण विकास कार्यक्रम आदि प्रमुख रहेको पाइन्छ । २०२१ सालमा लागू भएको भूमिसुधार कार्यक्रमको अभिन्न भागमा अनिवार्य बचत पर्दथ्यो ।

अर्थतन्त्रमा सहकारीको महत्वका सन्दर्भमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३५ को उपधारा २ मा 'सरकारी, सहकारिता र निजी क्षेत्रको माध्यमबाट मुलुकमा अर्थतन्त्रको विकास गर्ने' उल्लेख गरिएको थियो । त्यसैगरी, नेपालको संविधानको धारा ५० को उपधारा ३ मा 'सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि र दिगो आर्थिक विकास गर्दै राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवादउन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुने' उल्लेख गरिएको छ । त्यस्तै, संविधानको धारा ५१ को उपधारा घ (१) मा 'सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने' र उपधारा घ (३) मा 'सहकारी क्षेत्रलाई प्रवर्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने' उल्लेख गरिएको छ । यसैगरी, संविधानको अनुसूची ५ मा सङ्घीय सरकारको मातहतमा सहकारी नियमन, अनुसूची ६ र ८ मा क्रमशः प्रदेश र स्थानीय तह कार्यक्षेत्र भएका सहकारी संस्था रहने व्यवस्था भएको देखिन्छ । संविधानमा सहकारीलाई तीन खम्बे अर्थतन्त्रका एउटा खम्बाका रूपमा उल्लेख गर्दै यस क्षेत्रको नियमनको जिम्मेवारी सङ्घीय सरकारमा रहने व्यवस्था छ ।

सहकारी क्षेत्रको विकासमा सघाउ पुर्‍याउन नीतिगत पृष्ठपोषण, अध्ययन तथा अनुसन्धान, प्रवर्धन र समन्वयको भूमिका निर्वाह गर्न राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ अनुसार राष्ट्रिय सहकारी विकास बोर्ड गठन भएको हो । यसका अतिरिक्त राष्ट्रिय कृषि नीति, २०६१ र कृषि व्यवसाय प्रवर्धन नीति, २०६३ ले पनि कृषि क्षेत्रको विकासका लागि सहकारी पद्धतिको प्रयोग र विकासलाई जोड दिएका छन् । सहकारी क्षेत्रको विकास, विस्तार र प्रवर्धनमा प्रभावकारी भूमिका निर्वाह गर्न नेपाल सरकारले २०६९ साल जेष्ठ ५ गते सहकारी तथा गरीवी निवारण मन्त्रालयको स्थापना गरेकोमा मिति २०७४।१२।२८ गते सो मन्त्रालयको नामाकरण कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय र मिति २०७५।०४।१० गतेदेखि भूमि व्यवस्था, सहकारी तथा गरीवि निवारण मन्त्रालय गरिएको छ।

सहकारी सम्बन्धी कानूनी विकासका सन्दर्भमा, पहिलो सहकारी कानूनका रुपमा सहकारी संस्था ऐन, २०१६ जारी भएको थियो । २०४१ सालमा त्यसअघि सहकारीको नाममा गठन भएका सम्पूर्ण संरचना र क्रियाकलापहरूलाई साझामा परिणत भई साझा संस्था ऐन, २०४१ जारी भएको थियो । २०४६ सालमा बहुदलीय व्यवस्थाको पुनस्थापना भए पश्चात उक्त साझा संस्था ऐनलाई खारेज गरी सहकारी ऐन, २०४८ जारी भएको थियो । त्यस्तै, २०६२/६३ को जनआन्दोलन पश्चात देशमा स्थापना भएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अन्तर्गत सहकारी ऐन, २०७४ जारी भएको थियो । उक्त ऐनमा २०८१ सालमा भएको संशोधन मार्फत राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ वमोजिम स्थापित राष्ट्रिय सहकारी विकास बोर्ड खारेज सहित सो बोर्डको सम्पत्ती तथा दायित्व समेत प्राधिकरणमा हस्तान्तरण हुनेगरी बचत तथा ऋणको मूख्य कारोवार गर्ने सहकारीहरुको नियमन तथ सूपरिवेक्षण गर्ने मूल जिम्मेवारीका साथ २०८१ माघ १४ गते राष्ट्रिय सहकारी नियमन प्राधिकरणको स्थापना भएको हो ।

## लक्षित वर्ग

सहकारी ऐन, २०१६ को प्रस्तावनामा "कृषक, कालिगढ र कम पूँजीवाला व्यक्तिहरूको आर्थिक विकासार्थ स्वावलम्बन, पारस्पारिक सहयोग र किफायतको वृद्धिको निमित्त सहकारी संस्थाहरूको गठनलाई अधिक सुविधाजनक गर्न" उल्लेख गरिएको थियो । सहकारी ऐन, २०४८ को प्रस्तावनामा "देशका कृषक, कालीगढ, कम पूँजीवाल र निम्न आयवर्ग, श्रमिक, भूमीहीन तथा बेरोजगार वा सामाजिक कार्यकर्ताले सर्वसाधारण उपभोक्ताको आर्थिक तथा सामाजिक विकासको लागि पारस्परिक सहयोग र सहकारिताको आधारमा विभिन्न किसिमका सहकारी संस्था तथा सङ्घहरूको गठन र संचालनसम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएको" उल्लेख गरिएको थियो ।

सहकारी ऐन, २०७४ को प्रस्तावनामा "सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप देशका कृषक, कालिगढ, श्रमिक, न्यून आय भएका एवम् सीमान्तकृत समूदाय वा सर्वसाधारण उपभोक्तामाझ छरिएर रहेको पूँजी, प्रविधि र प्रतिभालाई पारस्परिकता र स्वालम्बनका आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक उन्नयन गर्न समूदायमा आधारित, सदस्यकेन्द्रित, लोकतान्त्रिक, स्वायत्त र स्वसासित संगठनका रूपमा सहकारीको प्रवर्धन तथा नियमन गर्न सहकारी खेती, उद्योग, बस्तु तथा सेवा व्यवसायका माध्यमबाट आत्मनिर्भर, दिगो एवम् समाजवादउन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्न सहकारीको आवश्यकता" उल्लेख गरिएको छ । उल्लिखित ऐनका प्रस्तावनाले सहकारीको मर्म तथा आवश्यकता, लक्ष्य तथा उद्देश्य, लक्षित वर्ग तथा समूह, कार्यक्षेत्र तथा जिम्मेवारी आदि प्रष्ट पार्ने काम गरेको छ । विभिन्न समयका सहकारी ऐनमा उल्लेख भएका प्रस्तावनाका आधारमा सहकारीको अक्षित समूह न्यून आय भएका, विभिन्न अवसरबाट वञ्चित र सिमान्तकृत व्यक्तिहरु रहेको र सहकारीको मूल उद्देश्य आर्थिक सामाजिक अवसरहरुको समान्यायिक वितरणमार्फत गरीवि न्यूनकिरण गर्नु रहेको भन्ने देखिन्छ ।

## नियमन एवम् सुपरिबेक्षण

नेपालको संविधानको अनुसूची ८ मा सहकारीको नियमनसम्बन्धी व्यवस्था संघीय सरकारको अधिकार सूचीमा उल्लेख गरिएको छ । सहकारी ऐन, २०७४ वमोजिम भूमी व्यवस्था, सहकारी तथा गरीवि निवारण मन्त्रालय, राष्ट्रिय सहकारी नियमन प्राधिकरण, सहकारी विभाग र नेपाल राष्ट्र बैंक सहकारीका संघीय तहका नियामक निकायका रुपमा रहेका छन् । सहकारी सदस्यद्वारा स्थापित, व्यवस्थित र नियन्त्रित हुन्छन् भन्ने विश्वव्यापी मान्यताका आधारमा सहकारीमा बाह्य नियमनको आवश्यकता नपर्ने अपेक्षाका साथ सहकारी क्षेत्र अघि बढेता पनि सामान्य रूपमै भएपनि सहकारीलाई नियमन गर्नसक्ने प्रावधान सहकारी ऐन, २०४८ को दफा ३६ मा राखिएको थियो । साथै, उक्त ऐनको दफा २६ मा सहकारीले नेपाल राष्ट्र बैंकको पूर्वस्वीकृति लिई 'सदस्यवीच सिमित बैंकिङ कारोवार गर्नसक्ने' प्रावधान रहेको थियो । यही प्रावधान वमोजिम विभिन्न समयमा गरी बैंकबाट ३४ वटा सहकारीले यसप्रकारको स्वीकृती लिएका थिए । यसप्रकारले स्वकृती लिएका सहकारीलाई अनुगमन तथा सुपरिवेक्षण गर्न बैंकले "नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोवार गर्न इजाजतपत्र प्राप्त सहकारी संस्थालाई जारी गरिएको निर्देशन–२०५९" जारी गरेको थियो । यसरी स्वीकृति प्राप्त गरेका सहकारीलाई नेपाल राष्ट्र बैंकले नियमित रूपमा स्थलगत र गैरस्थलगत सुपरिबेक्षण समेत गर्ने

गरेकोमा सहकारी ऐन, २०७४ मा सहकारीले नेपाल राष्ट्र बैंकको स्वीकृति लिने प्रावधान नरहेकाले तात्कालिन अवस्थामा बैंकबाट स्वीकृतीप्राप्त बाँकी सहकारीलाई २०७५ सालदेखि बैंकको नियामकीय एवम् सुपरिबेक्षकीय दायराबाट अलग गरिएको थियो ।

सहकारीमा २०६० को दशकको शुरूवातसंगै विभिन्न प्रकारका विकृति भित्रिन र बढ्न थालेपश्चात २०६६ माघदेखि २०६९ कार्तिकसम्म नेपाल राष्ट्र बैंकका केही अधिकृत कर्मचारीको सहभागितामा १३५ वटा ठूला सहकारीको स्थलगत अनुगमन वा निरीक्षण गरिएको थियो । अनुगमनको मुख्य निष्कर्षका रूपमा सहकारीमा गैरसदस्य कारोवार, सहकारीका सञ्चालकको मनोमानी, सहकारीका मूल्य, मान्यता र सिद्धान्तको उल्लंघन गरी वित्तीय कारोवारमा मात्र केन्द्रित, संस्थाको ऋण लगानीमा विकृति लगायतका कैफियत देखिएकोले यो क्षेत्र थप व्यावसायिक नियमनको दायरामा ल्याउन आवश्यक रहेको व्यहोरा सिफारिस भएको थियो । अनुगमनको अर्को श्रृंखलाका रूपमा २०८० फागुनबाट बैंकको अर्को टोलिको सहभागितामा सहकारी विभागले काभ्रे र काठमाडौं उपत्यकाका १९ वटा सहकारी सङ्घसंस्थाको अनुगमन गर्दा यसपूर्वको अवस्थामा जटिलता थपिईसकेको पाएको थियो । यहाँसम्म आउँदा कतिपय सहकारी बचत फिर्तागर्न नसक्ने अवस्थामा पुगेको, कतिपय सहकारी सञ्चालक ठगीको आरोपमा थुनामा पुगिसकेका र कतिपय सहकारीका सञ्चालक स्वदेश/विदेश फरार भईसकेको अवस्था श्रृजना भएको हो । यसबाट पनि दुई दशकदेखि सहकारीको नियमनका लागि दोश्रो तहको नियामक निकायको आवश्यकता थपियो।

## सहकारी अभियान

सहकारी ऐन, २०४८ र सो अन्तर्गत बनेको नियमावली, २०४९ बमोजिम प्रारम्भिक तहमा विभिन्न प्रकृतिका स्वायत्त र स्वशासित सहकारी संस्थाहरू गठन हुन पुगे भने जिल्लास्तरमा विषयगत जिल्ला सहकारी सङ्घ तथा जिल्ला सहकारी सङ्घहरू तथा केन्द्रीयस्तरमा विषयगत केन्द्रीय सहकारी सङ्घहरू र सबै सङ्घहरू सदस्य रहेको राष्ट्रिय सहकारी महासङ्घको गठन भयो । तर सो ऐनले सहकारी सङ्घहरूको जिम्मेवारी स्पष्टरूपमा निर्धारण नगरेको कारण सहकारी सङ्घहरूले आफ्ना सदस्य एवं सहकारी संस्थाहरूप्रतिको जिम्मेवारी स्पष्ट हुन सकेन ।

सहकारी ऐन, २०७४ को दफा २ (ब) ले सङ्घ भन्नाले दफा १५ वमोजिम दर्ता भएका जिल्ला विषगत सहकारी सङ्घ, जिल्ला सहकारी सङ्घ, प्रदेश विषयगत सहकारी सङ्घ, प्रदेश सहकारी सङ्घ, केन्द्रिय विषयगत सहकारी सङ्घ, विशिष्ठिकृत सहकारी सङ्घ र राष्ट्रिय सहकारी महासङ्घ समेतलाई जनाउने उल्लेख गरेको छ । त्यसैगरी दफा ४, ५, ६, ७, ८ मा विभिन्न सङ्घहरुको कार्य सहकारी व्यवसायको विकास, प्रवर्धन र वजारीकरण गर्ने उल्लेख गरिएको छ । यसबाट सहकारी संघहरुको काम कर्तव्य कानूनमा मूलभुत रुपमा समेटिएको छ । २०५० को दशकबाट विस्तार हुँदै आएको सहकारी अभियानका रुपमा सञ्चालनमा रहेका सहकारीका विभिन्न तहका र विभिन्न विषयसंग सम्बन्धित संघहरुको संख्यागत अवस्था देहाय वमोजिम रहेको देखिन्छ ।

तालिका नं. १

सहकारी संघहरुको संख्यागत विबरण

| क्र.सं. | विषय | केन्द्रिय | प्रदेश | प्रदेश विषयगत | जिल्ला | जिल्ला विषयगत |
|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय सहकारी महासंघ | | | | | |
| २ | दुग्ध सहकारी | १ | ३ | - | ६९ | २९ |
| ३ | बचत तथा ऋण सहकारी | १ | | ४ | | ६३ |
| ४ | उपभोक्ता सहकारी | १ | | - | | ११ |
| ५ | कृषि विउ, तरकारी तथा फलफुल | १ | | - | | ९ |
| ६ | कृषि सहकारी | १ | | ४ | | ५० |
| ७ | मौरीपालन सहकारी | १ | | - | | - |
| ८ | जुनार उत्पादक सहकारी | १ | | - | | १ |
| ९ | चिया उत्पादक सहकारी | १ | | - | | ५ |
| १० | उखु उत्पादक सहकारी | १ | | - | | १ |
| ११ | कफि उत्पादक सहकारी | १ | | - | | ८ |
| १२ | स्वास्थ्य सेवा सहकारी | १ | | - | | २ |
| १३ | जडिबुटी उत्पादक सहकारी | १ | | - | | ४ |
| १४ | ग्रामीण विद्युत सहकारी | १ | | - | | १ |
| १५ | बहुउद्देश्यीय सहकारी | १ | | - | | २४ |
| १६ | सूचना तथा सञ्चार सहकारी | १ | | - | | २ |
| १७ | सुपारी सहकारी | १ | | - | | १ |
| १८ | पर्यटन सहकारी | १ | | - | | २ |
| १९ | मत्स्य सहकारी | १ | | - | | २ |
| २० | सामाजिक उद्यमी सहकारी | - | | - | | ३ |
| २१ | अदुवा उत्पादक सहकारी | - | | - | | १ |
| | जम्मा (३१७) | १८ | ३ | ८ | ६९ | २१९ |

श्रोतः राष्ट्रिय सहकारी महासंघ लि.

## सहकारीको योगदान

नेपालमा बचत तथा ऋण, बहुउद्देश्यीय, कृषि, दुग्ध, उपभोक्ता, विद्युत, तरकारी तथा फलफूल उत्पादन, चिया उत्पादन, कफी उत्पादन, जडिबुटी उत्पादन, मौरीपालन, सञ्चार, स्वास्थ्य, उखु उत्पादन, जुनार उत्पादन, सामाजिक उद्यमशिलता विकास र अन्य कार्यप्रकृतिका केही सहकारीहरु सञ्चालनमा रहेका छन् । सबै

प्रकृतिका सहकारीको मुख्य उद्देश्य सदस्यहरुको आर्थिक तथा सामाजिक उत्थान गर्ने रहेको छ । सहकारी क्षेत्रले नेपालको समग्र अर्थतन्त्रका साथै गरीवि निवारणमा मुख्य भूमिका खेलेको देखिन्छ ।

रोजगारी प्रवर्धन, बैंकिङ पहुँच नपुगेका क्षेत्रमा समेत बचत गर्ने बानी बसाली साना रकमका बचत परिचालनलाई प्रोत्साहन, अनावश्यक र फजुल खर्च कटौतीमा प्रोत्साहन, वित्तीय चेतना बढाई वित्तीय साक्षरता बढाउन मदत, ग्रामिण क्षेत्रमा वित्तीय पहूँच बढाई वित्तीय समावेशिता वृद्धिमा योगदान, अनौपचारिक क्षेत्रको चर्को व्याजबाट मूक्त गराई सहुलियत दरमा ऋण प्रदान, साना उद्यमसिलता विकास, ग्रामीण महिला सशक्तिकरण तथा नेतृत्व विकासमा योगदान, रोजगारी प्रवर्धन, आदिमा सहकारीको योगदान रहेका छ । यसबाट सहकारीले राष्ट्रिय पूँजी निर्माणमा सहयोग पुर्याएको देखिन्छ । त्यसैगरी उत्पादन तथा सेवामूलक व्यवसाय सञ्चालन गर्न वित्तीय श्रोतको उपलब्धता, कृषि समग्रीको सहुलियत दरमा विक्रि वितरणमा सहजीकरणका साथै कृषि उत्पादनको वजारीकरणमा पनि सहकारीको उल्लेख्य योगदान रहेको छ ।

**सहकारी सम्बन्धी तथ्याङ्क**

सहकारी ऐन २०४८ जारी हुँदासम्म एक हजारभन्दा कम संख्यामा रहेका सहकारीको संख्या ३२,९६५ पुगेको छ (आर्थिक सर्भेक्षण, २०८२)। यसमध्ये करीव १४ हजार बचत तथा ऋणको कारोवार गर्ने सहकारी रहेको अनुमान रहेको छ । साथै, कतिपय विषयगत र बहुउद्देश्यीय सहकारीका नाममा दर्ता भएका समेतले बचत तथा ऋणको कारोवार गरिरहेका हुँदा बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारीको संख्या १४ हजारभन्दा बढी नै रहेको अनुमान छ । हाल, देशभरको समग्र सहकारी क्षेत्रले शेयर तथा बचत गरी करीव रू.१२६८ अर्व पूँजी परिचालन गर्दै करीव ९० हजारलाई प्रत्यक्ष रोजगारी दिएको र १०९ लाखभन्दा बढी व्यक्तिलाई सहकारीको सदस्य बनाएको अनुमान गरिएको छ । यद्यपी, सहकारीसम्बन्धी यथार्थ र नियमित तथ्यांक संकलनको विधि र श्रोत सुनिश्चित गर्नुपर्ने आवश्यकता रहेको छ ।

२०६६ साल पश्चात समग्र सहकारीको अवस्था देहाय वमोजिम रहेको छ ।

तालिका नं. २

सहकारीहरुको अवस्था

(रकम रु. हजारमा)

| बर्ष | सहकारी | सदस्य संख्या | | | कूल शेयरपूँजी | कूल निक्षेप | कूल ऋण | कर्मचारी |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | | | |
| २०६६ | १२,६४६ | १८,४३,७५९ | १२,१२,३०५ | ६,३१,४५४ | ८,९५,९१,७२ | २९,३०,८४,३४ | ३०,०२,४६,२५ | NA |
| २०६८ | २३,३०१ | ३१,४१,५८१ | १६,९२,२३३ | १४,४९,३४८ | २०,२२,५१,३९ | १,१७,२९,५२,२८ | १,१६,८३,५८,१४ | ३८,८९२ |
| २०६९ | २६,५०१ | ४६,४७,५४९ | २७,०९,९०२ | १९,३४,५५१ | २७,०९,५१,५१ | १,३९,५४,३९,७१ | १,३४,०३,३४,९५ | ३९,५७२ |
| २०७० | २९,५६२ | ४३,५२,००५ | २३,९८,७३२ | १९,५३,२७३ | ३३,४५,१२,९६ | १,५८,१६,२७,०४ | १,३३,८२,७३,२६ | ५२,००३ |
| २०७१ | ३१,१७७ | ४५,५५,२८६ | २४,५६,५१३ | २१,००,१३७ | ६१,१८,६२,०१ | १,७२,५२,९३,५० | १,५४,४४,४९,३६ | ५४,१४३ |
| २०७२ | ३२,६६३ | ५१,००,३७० | २८,२४,९७५ | २२,८१,९३५ | ६३,०५,९९,१४ | २,०२,४२,०५,३५ | १,८७,७५,६५,८३ | ५७,८५४ |
| २०७३ | ३३,५९९ | ६०,३०,८५७ | २९,४४,५३९ | ३०,८६,३१८ | ७१,३५,७८,८२ | २,९५,७२,७८,०२ | २,८९,४१,८८,०० | ५६,४७५ |
| २०७४ | ३४,५१२ | ६३,०५,५८१ | ३०,९२,०६७ | ३२,१३,५१४ | ७३,१७,८७,१५ | ३,०२,१६,४५,१३ | २,७३,७१,०४,३९ | ६०,५१४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २०७५ | ३४,५१२ | ६४,५१,००० | NA | ७६,०९,००,०० | ३,११,२३,००,०० | २,७६,४५,००,०० | ६१,१२२ |
| २०७६ | ३४,७३७ | ६५,१२,३४० | NA | ७६,३४,००,०० | ३,४५,५९,००,०० | ३,३२,७१,००,०० | ६३,५०० |
| २०७७ | ३४,८३७ | ६५,१५,४६० | NA | ७७,२४,००,०० | ३,५०,५८,००,०० | ३,४१,७१,००,०० | ६८,४०० |
| २०७८ | २९,८८६ | ७३,०७,४६२ | NA | ९४,१०,००,०० | ४,७७,९६,००,०० | ४,२६,२६,००,०० | ८८,३०९ |
| २०७९ | ३०,८७९ | ७३,३७,२५२ | NA | ९४,१२,००,०० | ४,७७,९९,००,०० | ४,२६,३१,००,०० | ९१,३०१ |
| २०८० | ३१,३७३ | ७३,८१,२१८ | NA | ९४,१५,००,०० | ४,७८,०३,००,०० | ४,२६,३५,००,०० | ९३,७७१ |
| २०८१ | ३१,४५० | ७३,८३,८२८ | NA | ९४,७२,००,०० | ४,७८,११,००,०० | ४,०५,०३,००,०० | ९४,००२ |
| २०८२ | ३२,९६५ | १,०९,०५,१९२ | NA | १,४३,२९,००,०० | ११,२५,२८,००,०० | ९,२३,७४,००,०० | ९०,२६५ |

श्रोतः सहकारी विभाग/आर्थिक सर्वेक्षण

## सहकारी क्षेत्रका समष्टिगत चूनौती

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारी मूल्य, मान्यता र सिद्धान्तमा सञ्चालन हुँदै सदस्यहरुद्वारा सञ्चालित, व्यवस्थित र नियन्त्रित हुँदै जानुपर्ने सहकारी क्षेत्रले २०५० को दशकदेखि विभिन्न चूनौती व्यहोर्दै आएको छ । सहकारीमा विभिन्न प्रकारका चूनौतीहरु २०५० को दशकदेखि शुरू भएको र त्यसपश्चात क्रमशः बढ्दै गएको देख्न सकिन्छ । सहकारी विभागले २०५८ जेठ ४ मा प्रकाशित गरेको विवरण अनुसार २१ वटा बचत तथा ऋण सहकारी संस्थाले सर्वसाधारणको १५ करोड रुपैयाँभन्दा बढी रकम हिनामिना गरी भागेको, ८० वटा सहकारीले अवाञ्छित रूपमा शाखा, प्रशाखा र कार्यक्षेत्र बिस्तार गरेको र ४२ वटा सहकारीले नाममा फाइनान्स शब्द प्रयोग गरेको उल्लेख गरेको थियो । २०७० सालमा पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको संयोजकत्वमा गठीत 'बचत तथा ऋण कारोबार गर्ने समस्याग्रस्त सहकारी संस्थाहरूको छानबिन गर्न गठित जाँचबुझ आयोग' को प्रतिवेदन अनुसार १३० वटा सहकारीबाट करीव रु.११.४ अर्व बचत रकम संकटमा रहेको व्यहोरा सार्वजनिक भएको थियो ।

त्यसैगरी, नेपाल राष्ट्र बैंक र सहकारी विभागको संयुक्त टोलीले २०६६ माघदेखि २०६९ कार्तिकसम्म सम्पन्न गरेको १३५ वटा सहकारीको सघन अनुगमनमा धेरैजसो सहकारीको सुशासनको दुरूह अवस्थाका साथै वित्तीय मापदण्ड परिपालनाको अवस्था निकै निम्छरो रहेको पाईएको प्रतिवेदन सहकारी विभागमा पेश गरेको थियो । पछिल्लो पटक 'सहकारी छानविन सम्बन्धमा गठन भएको सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति, २०८१' ले नेपाल सरकारले समस्याग्रस्त घोषण गरेका र बचत फिर्ता गर्न नसकी संकटपूर्ण आवस्थामा रहेका समेत गरी जम्मा ४० वटा सहकारीको छानवीन तथा वित्तीय विश्लेषण गर्दा बचतकर्ताको करीव रु.७१ अर्व रूपैयाँ सहित झण्डै रु.८७ अर्व वराबरको दायित्व संकटमा परेको उल्लेख गरेको थियो । सहकारी क्षेत्रमा लामो समयदेखि देखा परेका विभिन्न प्रकारका चूनौतीहरुको समग्र अवस्था देहाय वमोजिम रहेको छ ।

- कतिपय सहकारीबाट सदस्यको बचत रकम दुरूपयोग एवम् ठगी ।
- कतिपय नियामकीय र सुपरिबेक्षकीय निकायको प्रभावहीन कार्यकुशलतामा ।
- सहकारी मूल्य, मान्यता र सिद्धान्तका साथै मौजूदा कानून पालनामा कमजोरी तथा लापरवाही ।
- आवश्यकताको अध्ययनविना दर्ता भएका सहकारीका कारणले सहकारीविच बढ्दो अस्वस्थ प्रतिस्पर्धा।

- गैरसदस्य र कार्यक्षेत्र वाहिरका व्यक्तिसंग बचत तथा ऋणको कारोवार ।
- सदस्य, सञ्चालक एवम् कर्मचारीको कमजोर सहकारी साक्षरता ।
- सहकारीको तथा सदस्यको संख्या र कारोवार सम्बन्धमा कमजोर तथ्याङ्क ।
- अधिकाँस सहकारीहरू बचत तथा ऋण कारोवारमा केन्द्रित ।
- सहकारीमा सदस्यको पहूँच, उपस्थिति, सहभागिता, सकृयता र नियन्त्रणको अवस्था कमजोर ।
- साधारण सभा नगर्ने वा विधिपूर्वक नगर्ने प्रवृत्ती ।

- संस्थाको ठूलो रकमको लगानी सञ्चालक वा निजका घरपरिवार वा आफन्त संलग्न निजी कम्पनीमा प्रवाह ।
- अधिकाँश सहकारीको लगानी घरजग्गा व्यावसायमा केन्द्रित ।
- एकल वा सिमित सञ्चालकले संस्थाबाट अवाञ्छित वित्तीय तथा गैरवित्तीय सूविधा एवम् लाभ उपभोग।
- सहकारी ऐन, नियम, निर्देशिका, विनियम तथा मापदण्ड पालनाको कमजोर अवस्था ।
- कमजोर जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणाली ।
- आन्तरिक कार्यविधि, विनियमावली, मापदण्ड, आदि तयार नगरी संस्था सञ्चालन ।
- विगतमा भएका कतिपय अनुगमन प्रतिवेदन कार्यान्वयनमा उदासिनता ।
- सहकारीको दर्ता, सम्पत्ती खरिद, कार्यक्षेत्र तथा सेवाकेन्द्र विस्तार, संस्था अनुगमन र संस्था एकीकरण जस्ता कृयाकलापमा जटिलता तथा अपारदर्सिता ।
- विभिन्न परिसूचक सहितका वित्तीय मापदण्ड र मानदण्ड पालनामा कमजोरी ।
- अवाञ्छित संस्थागत खरिद, सञ्चालकले विना प्रयोजन असिमित समयसम्म संस्थाबाट पेश्कीको उपयोग।
- पारदर्सिता (वेभसाईट, बार्षिक प्रतिबेदन प्रकाशन, वित्तीय विबरणको पर्याप्त अनुसूची, सामाजिक सञ्जाल, आदि) पालनामा कमजोरी।
- सहकारीको विकास, प्रवर्धन र अनुसन्धानमा न्यून प्राथमिकता ।
- सहकारीलाई उत्पादन, प्रशोधन, वजारीकरण, भण्डारण, रोजगारी श्रृजना, सेवाप्रवाह र वितरणमा जोड दिने कार्यमा न्यून प्राथमिकता, आदि ।
- सहकारीमा स्व-नियमनको प्रभावकारीपूर्ण पालना नहुनु ।

## सहकारीको अन्तर्राष्ट्रिय सम्बन्ध

सहकारीसम्बन्धी अन्तराष्ट्रिय सहकारी महासंघ (International Cooperative Alliance-ICA) ले सहकारीलाई "An autonomous association of persons united voluntarily to meet their common economic, social and cultural needs and aspirations through a jointly-owned and democratically-controlled enterprise" भनी परिभाषित गरेको छ । जस अनुसार, मानिसको स्वेच्छिक

आवद्धता, साझा आर्थिक, सामाजिक र साँस्कृतिक आवश्यकता परिपूर्तीको भावना र प्रजातान्त्रिक पद्वतिबाट नियन्त्रित ब्यवसाय नै सहकारीताका आधारभूत तत्व हुन् । ICA को परिभाषा अनुसार सहकारीहरू सदस्यहरूद्वारा स्थापित, सञ्चालित र नियन्त्रित संस्था हुन् ।

ICA ले सन् १९२३ देखि हरेक जुलाईको पहिलो शनिवार बिश्वब्यापी रूपमा अन्तर्राष्ट्रिय सहकारी दिवस मनाउंदै आएको छ । सन् १९९५ देखि संयुक्त राष्ट्र सङ्घ (UNO) ले पनि सहकारीलाई आर्थिक, सामाजिक र सांस्कृतिक बिकासको आधारस्तम्भ भएको स्वीकार गर्दै यसका सबै सदस्य राष्ट्रहरूलाई उल्लेखित सहकारी दिवस हरेक बर्ष हर्सोल्लासका साथ मनाउन अनुरोध गरेको छ । नेपाल पनि अन्तर्राष्ट्रिय सहकारी महासङ्घमा आबद्ध भएको छ । अन्तर्राष्ट्रिय सहकारी महासङ्घको तत्वावधानमा एशिया तथा प्रशान्त क्षेत्रीय सहकारी मन्त्रीहरूको छैटौं सम्मेलन काठमाडौंमा २०५८ सालमा सम्पन्न भएको थियो । ICA ले मनाउँदै आएको अन्तर्राष्ट्रिय सहकारी दिवसका सन् २०१० देखिका नाराहरू (Slogans) यसप्रकार रहेका छन् ।

तालिका नं. ३

ICA ले प्रस्तुत गरेका अन्तर्राष्ट्रिय सहकारी दिवसका नारा

| **Year** | **Slogan** |
|---|---|
| 2010 | Cooperatives Enterprise Empowers Women |
| 2011 | Youth, the Future of Cooperative Enterprise |
| 2012 | Cooperatives Enterprises build a better World |
| 2013 | Cooperatives Enterprise remains Strong in Time of Crisis |
| 2014 | Cooperatives for Sustainable Development |
| 2015 | Choose Cooperatives, Choose Quality |
| 2016 | An Old Idea, but more Relevant than ever in Today's World |
| 2017 | Cooperatives help to Build Inclusive Economies and Societies |
| 2018 | Sustainable Societies through Co-operation |
| 2019 | Cooperatives for Decent Work |
| 2020 | Cooperatives for Climate Action |
| 2021 | Cooperatives for Building a People-centered and Environmentally just Recovery |
| 2022 | Cooperatives Build a Better World |
| 2023 | Cooperatives for sustainable development |
| 2024 | Cooperatives Building a Better Future for All |
| 2025 | Cooperatives Build a Better World |

Source: www.ica.org

# खण्ड-ख
# सहकारीका नियामकीय संरचना र राष्ट्रिय सहकारी नियमन प्राधिकरण

## सहकारीका नियामकीय संरचना

नेपालको संविधानको अनुसूची ८ मा सहकारीको नियमनसम्बन्धि व्यवस्था संघीय सरकारको अधिकारसूचीमा उल्लेख गरिएको छ । यस सन्दर्भमा, संघीय सहकारी ऐन, २०७४ वमोजिम भूमी व्यवस्था, सहकारी तथा गरीवि निवारण मन्त्रालय, राष्ट्रिय सहकारी नियमन प्राधिकरण, नेपाल राष्ट्र बैंक र सहकारी विभाग नियामकीय जिम्मेवारीमा रहेका देखिन्छन् भने अन्य जिम्मेवारीमा रहेका निकायमा समस्याग्रस्त सहकारी व्यवस्थापन समिति, सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र, कर्जा असुली न्यायाधीकरण रहेका छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र सहकारी ऐन, २०७४ वमोजिम सातवटै प्रदेश र सबै स्थानीय तह सहकारीको नियामकीय निकायका रुपमा रहेका छन् । यस वमोजिम सबै प्रदेशमा प्रदेश रजिष्ट्रार तथा दर्ता अधिकारीको कार्यालय समेत स्थापना भएका छन् । प्रदेश स्तरमा कोशी र वाग्मती प्रदेश तथा स्थानीय तहका हकमा भक्तपुर जिल्लाको मध्यपुर ठीमि नगरपालिकामा समस्याग्रस्त सहकारी व्यवस्थापन समिति गठन भएको छ । त्यस्तै केही प्रदेशहरुले प्रदेश सहकारी विकास वोर्ड समेत स्थापना गरेका छन् भने प्रदेश स्तरमा सहकारी प्रशिक्षण केन्द्रहरु पनि रहेका छन् ।

## सहकारीका लागि दोश्रो तहको नियामक निकाय स्थापनाका प्रयास

राष्ट्रिय सहकारी नियमन प्राधिकरण स्थापनामा करीव दुई दशकको प्रयास व्यतित भएको छ । सहकारीमा २०५० को दशकदेखि शुरू भई ६० को दशकबाट वृद्धि हुन थालेका विभिन्न प्रकारका समस्या समाधानका लागि सहकारीको नियमन तथा सुपरिबेक्षणलाई व्यवस्थित र प्रभावकारी बनाउन सहकारी ऐन, २०७४ (संशोधन, २०८१) वमोजिम प्राधिकरणको स्थापना भएको हो । उक्त ऐनको दफा १०३क. वमोजिम 'सङ्घ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्रभित्रका बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको नियमन गर्न राष्ट्रिय सहकारी नियमन प्राधिकरणको स्थापना' भएको हो । उक्त दफामा भएको प्रावधानले प्राधिकरणलाई नियामक निकायका रूपमा स्थापना भएको उल्लेख गरेको छ भने ऐनको दफा १०३ज.(क) मा प्राधिकरणलाई सुपरिबेक्षकीय अधिकार पनि प्रत्याभूत गरेसंगै प्राधिकरणले नियामकीय र सुपरिबेक्षकीय जिम्मेवारी वहन गर्नेछ । २०६० सालयता विभिन्न समयमा सरकारले गठन गरेको सहकारीसम्बन्धी अध्ययन तथा सुझाव समिति, आयोग र कार्यदलका प्रतिवेदन, नेपाल सरकारले प्रस्तुत गरेको सार्वजनिक बजेट तथा कार्यक्रम, नेपाल राष्ट्र बैंकले प्रस्तुत गरेको मौद्रिक नीति, आदिमा धेरैपटक सहकारीको नियमन सम्बन्धमा विशेष व्यवस्थाका लागि नीतिगत सिफारिस तथा निर्णय भएका साथै परिस्थितिजन्य आवश्यकतालाई ध्यानमा राखि नेपाल सरकारले राष्ट्रिय सहकारी नियमन प्राधिकरणको स्थापना गरेको हो ।

२०६० सालमा नेपाल सरकारको बार्षिक बजेट तथा कार्यक्रम मार्फत 'नेपालका कतिपय सहकारीले गैर सदस्यसंग समेत बचत संकलन गर्न थालेको' कुरा उल्लेख गरेबाट सहकारीमा निजी, गैर–सहकारी र अनपेक्षित कारोवार शुरू भएको दुई दशक नाघेको छ । सहकारीमा देखिएका विकृती र आर्थिक

अनुशासनहिनतालाई नियन्त्रण गर्न सरकारले २०६१ सालदेखि नै नयाँ नियामक निकाय स्थापना गर्ने कुरा चर्चामा र धेरै पटकका सहकारी छानविन समित तथा आयोगका सिफारिसका साथै सरकारको बार्षिक बजेट र मौद्रिक नीतिमा पनि उल्लेख भएका हुन् ।

## राष्ट्रिय सहकारी नियमन प्राधिकरणको स्थापना

साविक राष्ट्रिय सहकारी विकास बोर्ड खारेज गरी मिति २०८१ माघ १४ गते राष्ट्रिय सहकारी नियमन प्राधिकरण स्थापना भएको हो । सहकारी ऐन, २०७४ (संशोधन, २०८१ समेत) को दफा १०३क. मा "सङ्घ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्र भित्रका बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको नियमन गर्न राष्ट्रिय सहकारी नियमन प्राधिकरणको स्थापना गरिएको" उल्लेख गरिएको छ । केन्द्रिय कार्यालय काठमाडौंमा रहने यस प्राधिकरणको बार्षिक प्रतिवेदन नेपाल सरकार मार्फत सङ्घीय संसदको सम्बन्धित समितिमा पेश गर्नुपर्ने प्रावधान रहेको छ ।

## राष्ट्रिय सहकारी नियमन प्राधिकरणको काम, कर्तव्य र अधिकार

ऐनको दफा १०३ज. मा प्राधिकरणको काम कर्तव्य र अधिकार देहाय वमोजिम रहने व्यवस्था रहेको छ ।

(क) बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको दर्ता, नियमन, अनुगमन, सुपरिवेक्षण तथा प्रतिवेदन प्रणाली लगायतका विषयमा राष्ट्रिय मापदण्ड बनाई कार्यान्वयन गर्ने गराउने,

(ख) बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको सञ्चालन सम्बन्धमा नियामकीय मापदण्ड (प्रुडेन्सियल स्ट्याण्डर्डस) जारी गर्ने,

(ग) बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको नियमन, अनुगमन तथा सुपरिबेक्षण गर्ने, गराउने,

(घ) प्राधिकरणले आफूलाई प्राप्त केही अधिकार रजिष्ट्रार, प्रदेश रजिष्ट्रार र स्थानीय तहको सहकारी हेर्ने अधिकारीमार्फत कार्यान्वयन गर्न गराउन सक्ने,

(ङ) बचतकर्ताको बचत सुरक्षाको सुनिश्चित गर्न आवश्यक कार्य गर्ने, बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको नियमित रुपमा निरीक्षण गर्ने, उजुरी लिने, प्राप्त उजुरी उपर जाँचबुझ गर्ने र सम्बन्धित संस्थालाई निर्देशन दिने,

(च) नियमन र सुपरिवेक्षणका लागि नेपाल चार्टर्ड एकाउण्टेन्ट संस्थाको समन्वयमा रोष्टर तयार गरी बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाहरुको नियामकीय परिक्षण (प्रुडेन्सियल अडिट) गर्ने गराउने,

(छ) सहकारीको व्यवस्थापन सूचना प्रणाली प्रतिवेदनलाई सङ्घ, प्रदेश र स्थानीय तहमा लागू गर्ने गराउने ।

(ज) बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाहरुको निरीक्षण गर्न आवश्यकता अनुसार निरीक्षण अधिकारी तोक्ने,

(झ) प्रदेश र स्थानीय तहका बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाहरुको प्रदेश र स्थानीय तहसंग समन्वय गरी संयुक्त रुपमा नियमन, अनुगमन र सुपरिवेक्षण गर्ने गराउने,

(ञ) नियमन सम्बन्धमा तोकिएका अन्य कार्य गर्ने ।

## राष्ट्रिय सहकारी नियमन प्राधिकरणको उपलब्धि

राष्ट्रिय सहकारी नियमन प्राधिकरणका हालसम्मका प्रमुख उपलब्धिहरु देहाय वमोजिम रहेका छन् ।

१) "बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको सञ्चालन सम्बन्धमा जारी गरिएको नियामकीय मापदण्ड, २०८२"जारी भएको ।

२) "बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको साधारण सभा सञ्चालन सम्बन्धमा जारी निर्देशन, २०८२"जारी भएको ।

३) "सम्पत्ती शुद्धिकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी मार्गदर्शन, निर्देशन तथा कार्यविधि, २०८२"जारी भएको ।

४) "बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण मापदण्ड, २०८२" जारी भै हाल सम्म करिव दशहजार बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाहरु दर्ता अभिलेखिकरण प्रकृयामा सहभागी हुँदै गरेको अवस्था छ ।

५) राष्ट्रिय सहकारी नियमन प्राधिकरण र नेपाल चार्टर्ड एकाउण्टेन्ट संस्थाबीच बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको नियमन, सुपरिबेक्षण गर्ने गराउन संस्थासंग प्राविधिक सहयोग लिने सम्बन्धमा समझदारीपत्र स्विकृत भएको ।

६) सहकारी ऐन, २०७४ मा भएको व्यवस्था अनुसार बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारीहरुलाई सञ्चालन इजाजतपत्र प्रदान गरी सुपरिवेक्षण कार्यलाई व्यवस्थित गर्ने र संस्थाहरुलाई वर्गीकरण उद्देश्यले दर्ता अभिलेखीकरण कार्य भईरहेको ।

७) बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारीहरुको स्थलगत र गैरस्थलगत सुपरिवेक्षण कार्य निरन्तर अघि बढाईएको ।

८) नियमन र सुपरिवेक्षणका लागि नेपाल चार्टर्ड एकाउण्टेन्ट संस्थाको समन्वयमा रोष्टर तयार गरी बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाहरुको नियामकीय परिक्षण (प्रुडेन्सियल अडिट) गर्ने गराउने सम्बन्धमा नियामकीय परिक्षण (प्रुडेन्सियल अडिट) मार्गदर्शनको मस्यौदा तयार गर्ने कार्य भईरहेको ।

९) प्राधिकरणमा विभिन्न सहकारीका सदस्यहरुबाट प्राप्त भएका उजुरी तथा गुनासाहरुलाई अध्ययन तथा छानवीन गरी मूल समस्या पहिल्याउँदै सम्बन्धित संस्थालाई आवश्यक निर्देशन दिई समस्या समाधान गर्ने प्रकृया अघि बढाइएको ।

१०) प्राधिकरणमा प्राप्त विभिन्न सहकारी सम्बन्धी उजुरी अध्ययन तथा छानवीन गरी सहकारी ऐन, २०७४ वमोजिम १६ वटा सहकारी संस्थालाई समस्याग्रस्त घोषणा गर्न भूमी व्यवस्था, सहकारी तथा गरीवि निवारण मन्त्रालयमा सिफारिस गरिएको ।

११) प्राधिकरण, यसले जारी गरेको निर्देशन तथा मापदण्ड एवं सहकारी कानुन सहित समसामयिक विषयमा विभिन्न प्रदेशका विभिन्न स्थानमा आयोजित छलफल तथा अन्तरक्रिया कार्यक्रममा निरन्तर सहभागिता रहेको।

१२) प्राधिकरणले चालु आ.व.मा हालसम्म ७ वटा सघन अनुगमन गरेको छ भने २१ वटा सघन अनुगमनको लक्ष्य लिएको छ ।

# खण्ड-ग

# सहकारीसम्बन्धी नीतिगत व्यवस्था

## राष्ट्रिय सहकारी नीति, २०६९

सार्वजनिक नीतिगत तहमा पहिलो सहकारी नीति, २०६९ रहेको छ । सहकारी सम्बन्धी शिक्षा, तालिम र सूचनाका माध्यमले सहकारीको संस्थागत विकास गर्ने, कृषि, उत्पादन तथा सेवाक्षेत्रको व्यावसायिकरणमा सहकारी क्षेत्रलाई कृयाशिल बनाउने, सिमान्तकृत, पिछडिएका, अपांग तथा गरीव जनताको पहुँच सहकारी क्षेत्रमा वृद्धि गर्ने, सहकारीहरुको सुशासन अभिवृद्धिमा जोड दिने, आदि उद्देश्यहरु सहित नेपाल सरकारले २०६९ सालमा पहिलोपटक सहकारी नीति सार्वजनिक गरेको हो । नीतिले नेपालमा सहकारीलाई आर्थिक विकासको साधन, सदस्यहरुको हित संरक्षण गर्ने तथा स्थानीय र राष्ट्रिय स्तरमा दिगो योगदान दिने संस्थाको रूपमा विकास गर्ने लक्ष्य राखेको छ।

## सोह्रौं योजनामा सहकारी

सोह्रौं योजना (२०८१/८२–२०८५/८६) ले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सक्रिय सहभागितामा नेपाललाई २०८३ सालसम्ममा विकासशील देशमा स्तरोन्नती गर्ने र दियो विकासका लक्ष्य हासिल गर्दै २०८७ सालसम्ममा मध्यम आय भएको मुलुकका रुपमा विकास गर्ने लक्ष्य लिएको छ । योजनाले सहकारी क्षेत्रको व्यवस्थापनका सन्दर्भमा सहकारीलाई सिद्धान्त, नीति, नियम तथा मापदण्डमा सञ्चालन गर्ने, सहकारीमा स्वनियमन र सुशासन कायम गर्ने, सहकारीको लगानी र कर्जा प्रवाह उत्पादन तथा रोजगारी बढाउन केन्द्रित गर्ने, सर्वसाधारणको बचत रकमको सुरक्षा गर्ने, ठूलो रकमका वित्तीय कारोवार गर्ने सहकारीको नियमन तथा सुपरिवेक्षण गर्ने जस्ता कार्यहरु मूख्य चुनौतीका रुपमा देखा परेको उल्लेख गरेको छ ।

योजनाले सहकारी क्षेत्रको सुदृढीकरणका लागि सहकारी क्षेत्रको श्रोत तथा पूँजीलाई वित्तीय मध्यस्थतामा भन्दा उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्ने, बचत तथा ऋणको कारोवार गर्ने सहकारीलाई स्वनियमन र सुशासन प्रवर्धनमा कडाई गर्ने, सहकारीको वित्तीय कारोवार एवम् बचत रकमको जोखिम न्यूनीकरण गर्न कर्जा सूचना केन्द्र, बचत तथा कर्जा सुरक्षण कोष तथा स्थीरिकरण कोषको स्थापना गर्ने, सहकारीहरुको आन्तरिक लेखा प्रणाली एवम् तथ्यांक र विश्लेषणलाई पारदर्शि र प्रभावकारी बनाउन सहकारी सम्बन्धि व्यवस्थापन सूचना प्रणालीलाई प्रभावकारी बनाउने उल्लेख गरेको छ ।

## बार्षिक बजेटमा सहकारी

१) आर्थिक बर्ष २०५२/५३: यस आ.व. को बार्षिक बजेट तथा कार्यक्रममा साझा र सहकारीलाई विस्तार गरिने, सहकारीहरूलाई अत्यावश्यक बस्तु तथा सेवाको आपूर्ती र वितरण व्यवस्थामा परिचालन गरिने, वित्तीय सहकारीहरूलाई निक्षेप सङ्कलन र ऋण लगानीमा परिचालन गर्ने, निरपेक्ष गरिवीको रेखामुनिका जनता लाभान्वित हुने गरी कार्यक्रम सञ्चालन गर्न बाणिज्य बैंकहरूले लगानी गर्नुपर्ने रकम पनि सहकारी बैंक मार्फत ग्रामीण क्षेत्रमा प्रवाह गर्ने व्यवस्था मिलाइने नीति लिइने उल्लेख गरिएको थियो ।

२) आर्थिक बर्ष २०६०/६१: यस आ.व.को बार्षिक बजेट तथा कार्यक्रममा सहकारी बचत तथा वित्तीय संस्थाहरूले सहकारी सिद्धान्त विपरीत सर्वसाधारणबाट समेत बचत सङ्कलन गर्ने र अनियन्त्रित रूपमा ऋण प्रवाह गर्ने कार्य गरी वित्तीय विकृति फैलाएकोले यसलाई नियन्त्रण गरी विशुद्ध सहकारिताको विकास गर्न विद्यमान कानूनमा आवश्यक सुधार गरिने उल्लेख गरिएको थियो । यो नीतिगत व्यवस्थाले सहकारी क्षेत्रमा ६०को दशकबाटै सहकारी सिद्धान्त उल्लंघन गर्ने र गैरसदस्यहरूबाट बचत संकलन गर्ने जस्ता विकृतिहरू देखापर्न थालेको संकेत गरेको छ ।

३) आर्थिक बर्ष २०६२/६३: यस आ.व.को बार्षिक बजेट तथा कार्यक्रममा गाउँ–गाउँमा सहकारी, घर–घरमा रोजगारीको अवधारणा अनुरूप सहकारी क्षेत्रको विकासमा संस्थागत टेवा उपलब्ध गराइने, सहकारी क्षेत्रको वित्तीय सुदृढीकरणका लागि राष्ट्रिय सहकारी विकास कोष खडा गरिने, सहकारी प्रशिक्षण केन्द्रलाई राष्ट्रिय सहकारी सङ्घ समेतको सहभागितामा स्वायत्त प्राज्ञिक संस्थाको रूपमा विकसित गरिने, दुग्ध प्रशोधन केन्द्रहरूको सञ्चालन र व्यवस्थापनमा दुग्ध उत्पादक कृषकहरूको प्रत्यक्ष संलग्नता बढाउन दुग्ध विकास संस्थानका चिस्यान केन्द्रहरू दुग्ध उत्पादक सहकारी संस्थाहरूलाई हस्तान्तरण गरिने र क्रमशः दुग्ध प्रशोधन केन्द्रहरू पनि यी संस्थाहरूको स्वामित्वमा जाने व्यवस्था मिलाइने, सरकारी क्षेत्रबाट संचालित कृषि फार्महरूको अधिकतम् उपयोग गर्न कृषि फार्म आसपासका किसानहरूले सहकारी संस्था गठन गरी सञ्चालन गर्न चाहेमा त्यस्ता कृषि फार्महरूलाई उचित शर्तहरू निर्धारण गरी एक निश्चित अवधिको निमित्त पट्टामा दिइने उल्लेख गरिएको थियो ।

४) आर्थिक बर्ष २०६२/६३: यस आ.व.को बार्षिक बजेट तथा कार्यक्रममा सहकारिताका आधारमा सिंचाई, संकलन केन्द्र जस्ता कृषि पूर्वाधारहरूको विकास र सञ्चालन प्रभावकारी हुनसक्ने भएकाले परीक्षणको रूपमा १५० वटा साना सिंचाई आयोजनाहरू सहकारिताको आधारमा संचालन गरिने, दूध चिस्यान केन्द्र र प्रशोधन केन्द्र स्थानीय दूग्ध उत्पादकहरूको सहकारीलाई सुम्पने कार्यलाई तिव्रता दिइने, सहकारिताका आधारमा व्यवस्थापन हुने भेरी शीत भण्डारलाई सञ्चालनमा ल्याइने, ग्रामीण क्षेत्रमा सहकारी संस्थाहरूले सञ्चालन गरेको लघुवित्त कार्यक्रमको लागत कम गर्न त्यस्ता संस्थाहरूले आफ्ना सदस्यबीच ऋण प्रवाह गर्दा राखिने निश्चित रकमसम्मको धितो वा दृष्टिबन्धक लिखत पारीत गर्न लाग्ने दस्तूरमा छुटको व्यवस्था उल्लेख गरिएको थियो ।

५) आर्थिक बर्ष २०६८/६९: यस आ.व.को बार्षिक बजेट तथा कार्यक्रममा अन्तरिम संबिधानले परिकल्पना गरेझैं सहकारीलाई अर्थतन्त्रको एक मुख्य खम्बाका रूपमा लिई सहकारीको प्रवर्धन र विस्तारमा जोड दिईएको उल्लेख गरिएको थियो । बजेट तथा कार्यक्रममा प्रत्येक गाउँ विकास समितिमा अत्यावश्यक उपभोग्य वस्तु सुपथ मूल्यमा बिक्री गर्ने तथा स्थानीय स्तरमा उत्पादित वस्तुहरू खरिद गरी बजारसम्म पुर्याउनको लागि बहुउद्देश्यीय सहकारी स्थापना गरी ढुवानी सञ्चालन गरेमा त्यस्तो सहकारीलाई औचित्य हेरी ढुवानी साधन पैठारी गर्न भन्सार सुविधा दिइने, नागरिकहरूको रोजगारीमा पहूँच विस्तार गर्न सरकारी, सहकारी र निजी सबै क्षेत्रबाट उपयुक्त वातावरण सिर्जना गर्न सरकारले जोड दिने उल्लेख गरिएको थियो ।

६) आर्थिक बर्ष २०७०/७१: यस आ.व.को बार्षिक बजेट तथा कार्यक्रममा सहकारीलाई निजि क्षेत्र र सरकारबीचको पसलका रूपमा बिकास गर्ने, सहकारी उत्पादन बिक्री बितरणका लागि बिभिन्न स्थानमा सहकारी बजार बिकास गरिने, सहकारी सुपरिबेक्षण कार्यलाई प्रभावकारी बनाउन केन्द्रिय सहकारी निरीक्षण सुचना प्रणालीको स्थापना गरिने, सहकारी संस्थाको दर्ता र नियमन सुपरिबेक्षणलाई व्यवस्थित गरिने उल्लेख गरिएको थियो ।

७) आर्थिक बर्ष २०७१/७२: यस आ.व.को बार्षिक बजेट तथा कार्यक्रममा सहकारीको नियमन र सुपरिबेक्षण कार्यलाई प्रभावकारी बनाइनुका साथै बचत तथा ऋण सम्बन्धि कारोबार गर्ने सहकारी संस्थाहरूको प्रभावकारी नियमन र सुपरिबेक्षण गर्न छुट्टै ऐन तर्जुमा गरिने र बचत तथा ऋण सहकारी संस्थाहरूको खराव कर्जाको प्रोभिजनका लागि बैंक वित्तिय संस्थामा जस्तै ५ प्रतिशतको प्रोभिजन अनिवार्य गरिनुका साथै यस्ता सहकारीले प्रवाह गरेको ऋण सुरक्षणका लागि एउटा छुट्टै कर्जा सुरक्षण कोष स्थापना गरिने उल्लेख गरिएको थियो ।

८) आर्थिक बर्ष २०७२/७३: यस आ.व.को बार्षिक बजेट तथा कार्यक्रममा बचत तथा ऋण सहकारी संस्थाहरूका साथै लघुवित्त कारोबार गर्ने संस्थाहरूको नियमन तथा सुपरीबेक्षणका लागि संस्थागत व्यवस्था आगामी आर्थिक बर्षभित्रै स्थापना गर्न कानुनी तथा नीतिगत ब्यवस्था गरिने उल्लेख गरिएको थियो ।

९) आर्थिक बर्ष २०७३/७४: यस आ.व.को बार्षिक बजेट तथा कार्यक्रममा सहकारीलाई सामाजिक तथा आर्थिक रूपले पछि परेका सीमान्तिकृत, भुमिहिन र पिछडिएका वर्गलाई सहकारी खेतीमार्फत प्रोत्साहित गरिने साथै पिछडिएको वर्ग र दलितहरूको परम्परागत पेशालाई व्यवसायिक सहकारीमा संगठित गरी आधुनिक व्यवसायमा रूपान्तरण तथा प्रबर्धन गर्न सहकारीमार्फत प्रोत्साहित गरिने, बचत तथा ऋण सहकारी क्षेत्रको अनुगमन र नियमनका लागि छुट्टै संस्थागत संरचना निर्माण गरिने र सहकारीबाट उत्पादित बस्तुको बिक्री वितरणमा सहयोग पुर्‍याउन ललितपुरको लगनखेल र भरतपुरमा सहकारी बजार केन्द्र निर्माणको कार्य शुरू गरिने समेत उल्लेख गरिएको थियो ।

१०) आर्थिक बर्ष २०७४/७५: यस आ.व.को बार्षिक बजेट तथा कार्यक्रममा सार्बजनिक–सहकारी साझेदारी अवधारण अनुसार राष्ट्रिय उत्पादन बृद्दिका कार्यक्रमहरू घरेलु तथा साना उद्योगहरूका लागि परिचालन गरिने, वित्तीय साक्षरतामार्फत सहकारी चेतनाको अभिबृद्दि गर्ने र सहकारी संस्थाहरूको सञ्चालनका लागि ज्ञान र सीपको विकास गर्दै बचत गर्ने बानिको विकास गर्न जानकारी मुलक एबं सचेतनामुलक कृयाकलापहरू सञ्चालन गरिने, सहकारी सिद्धान्त तथा मूल्यहरूको अनुशरण गर्दै सहकारीसम्बन्धी बिद्यमान कानूनी ब्यवस्थाहरूमा समयानुकुल सुधार गरी नयाँ सहकारी ऐन जारी गरिने उल्लेख गरिएको थियो । यसका आधारमा सहकारी ऐन, २०७४ जारी भएको हो ।

११) आर्थिक बर्ष २०७५/७६: यस आ.व.को बजेट तथा कार्यक्रममा सातै प्रदेशमा कम्तिमा एक सामुदायिक वा सहकारी नमूना कृषि फर्म स्थापना गरिने, सहकारीलाई कृषि तथा पशु बिकासमा केन्द्रीत अध्ययन अनुसन्धानमा प्रोत्साहित गरिने, सहकारीमार्फत सञ्चालन हुने दुध, मासु, फलफूल तथा तरकारीजन्य प्रशोधन उद्योगको लागि आवश्यक उपकरण खरिदमा अनुदान दिईने, सहकारीमार्फत रेशम, कपास, ऊन खेतिका लागि उत्पादन अनुदान र प्रशोधन कारखाना स्थापनाका लागि अनुदान दिईने उल्लेख गरिएको थियो ।

१२) आर्थिक बर्ष २०७६/७७: यस आ.व.को बजेट तथा कार्यक्रममा सबै आर्थिक सामाजिक क्षेत्रमा सहकारीको भाव बिकास गरिने, सहकारीको नेतृत्वमा कृषिको आधुनिकीकरण, यान्त्रिकरण, बजारीकरण र लक्षित गरीवि निवारण कार्यक्रम समेत सञ्चालन गरिने, सहकारीको माध्यमबाट कृषि प्रबिधि, कृषि प्रसार र कर्जामा सहज पहूँच सुनिश्चित गरिने, सहकारीको क्षेत्रगत दायरा फराकिलो पार्दै उद्योग, पर्यटन, उर्जा, आवास, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा सहकारीको उपस्थिति बढाउँदै लगिने; बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरू एकीकरण गर्ने कार्यलाई प्रोत्साहित गर्दै नियमन र सुपरिबेक्षण कार्यलाई प्रभावकारी बनाईने, सहकारीमा जोखिम न्यूनिकरणका लागि सहकारी कर्जा सूचना केन्द्र र सहकारी बचत तथा कर्जा सुरक्षण कोषको स्थापना गरिने, बचत तथा ऋण सहकारी संस्थाहरूको कारोबार र व्याजदर प्रतिस्पर्धी बनाईने सहकारी सुरक्षण प्रणाली कार्यान्वयन गर्न कानूनि व्यवस्था गरिने उल्लेख गरिएको थियो ।

१३) आर्थिक बर्ष २०७७/७८: यस आ.व.को बजेट तथा कार्यक्रममा उत्पादनका साधनहरूको सामुहिकीकरण, श्रोतको परिचालन र आर्थिक सामाजिक रूपान्तरणबाट सामाजिक न्याय सहितको द्रुत बिकास गर्न सहकारी क्षेत्रलाई परिचालन गर्ने; सहकारी सङ्घसंस्थालाई घरेलु तथा साना उद्यमको प्रबर्धन, कृषि उत्पादन, भण्डारण तथा प्रशोधन एवम् गरीवि निवारणसम्बन्धी कार्यक्रममा प्रोत्साहित गरिने, सहकारी सिद्धान्त, मूल्य मान्यतासंग तादात्म्यता हुने गरी सहकारी अभियानलाई अघि बढाउन संस्थागत क्षमता वृद्धि, स्वनियमन र सुशासन प्रवर्धन गरिने; गरीव, बिपन्न, शैक्षिक बेरोजगारर बैदेशिक रोजगार अवरूद्ध भएका यूवालाई सहकारी संस्था मार्फत कर्जा प्राप्त गरी साना तथा घरेलु उद्योग स्थापना गर्न प्रोत्साहित गरिने, साना किसान लघुवित्त वित्तीय संस्थालाई एक हजार सहकारी मार्फत कर्जा प्रवाह गरी कृषि तथा साना व्यवसाय प्रबद्र्धन गर्न ऋण लगानी व्यवस्था गर्ने; बचत तथा ऋणको

कारोवार गर्ने सहकारी संस्थालाई एकार्कामा गाभिन तथा नवीन प्रविधिको प्रयोग बढाउँदै नगद रहित कारोबार गर्न प्रेरित गरिने, सहकारी प्रणालीमा जोखिम न्यूनिकरणका लागि सहकारी सूचना केन्द्र स्थापना गरी सहकारी बचत तथा कर्जा सुरक्षणको व्यवस्था मिलाईने उल्लेख गरिएको थियो ।

१४) आर्थिक बर्ष २०७८/७९: यस आ.व.को बार्षिक आयव्यय विबरणमा सहकारी क्षेत्रलाई अर्थतन्त्रको महत्वपूर्ण आधारस्तम्भका रूपमा बिकास गर्ने, वित्तीय पहूँच विस्तार, आर्थिक–सामाजिक सशक्तिकरण र उत्पादनशील क्षेत्रमा सहकारीलाई परिचालन गरिने; भूमिहिन, सुकुम्बासी, दलित एवम् पछिडिएका वर्ग र समुदायलाई सहकारीमा आवद्ध गरी उद्यशीलता विकासका कार्यक्रम सञ्चालन गरिने; सहकारीलाई स्थानीय कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योगको प्रबर्धन, स्थानीय उत्पादनको भण्डारण, प्रशोधन, प्याकेजिङ र बजारीकरणका लागि प्रोत्साहित गरिने, सहकारीलाई कृषि तथा पशुपन्छिजन्य उत्पादनको प्रशोधन गरी मूल्य श्रृङ्खला विकास गर्न सहुलियतपुर्ण कर्जा दिने व्यवस्था, सहकारीलाई स्थानीय तहसंगको साझेदारीमा कृषि बजार केन्द्र स्थापना गर्न सहयोग उपलब्ध गराउने उल्लेख गरिएको छ ।

१५) आर्थिक बर्ष २०७९/८०: यस आ.व.को बार्षिक आयव्यय विबरणमा सहकारीको मन्त्रः आत्मनिर्भर अर्थतन्त्र भन्ने नारालाई सार्थक बनाई सहकारी क्षेत्रलाई मुलुकको आर्थिक विकासको महत्वपूर्ण क्षेत्रको रूपमा परिचालन गरिने उल्लेख गरिएको थियो । सहकारी क्षेत्रको बचतलाई उद्यमशीलता विकास, उत्पादमूलक क्षेत्र र रोजगारी सिर्जनामा परिचालन गर्न प्रोत्साहन गरिने र सहकारीको कूल लगानीको कम्तिमा ५० प्रतिशत रकम उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नुपर्ने व्यवस्था मिलाईने उल्लेख गरिएको थियो ।

१६) आर्थिक बर्ष २०८०/८१: यस आ.व.को प्रस्तावित बार्षिक आयव्यय विबरणमा सहकारी क्षेत्रको बचतलाई उद्यम विकास तथा रोजगारी सिर्जना हुने क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिने, घरेलु तथा साना उद्योग सञ्चालन गर्ने सहकारी संस्थालाई उत्पादन, भण्डारण र बजारीकरणमा सहयोग उपलब्ध गराईने, बचत तथा ऋण सहकारी संस्थाको कार्यक्षेत्र निश्चित भौगोलिक क्षेत्रमा केन्द्रित गरी सेवा प्रवाहलाई प्रभावित बनाईनेछ । बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुको नियमन तथा सुपरिबेक्षणलाई प्रभावकारी बनाई सहकारी क्षेत्रमा पारदर्सिता र सुशासन कायम हुने उद्देश्यले विशिष्ठिकृत नियामकीय निकाय स्थापना गरी सञ्चालनमा ल्याईने उल्लेख गरिएको छ ।

१७) आर्थिक बर्ष २०८१/८२: यस आ.व.को प्रस्तावित बार्षिक आयव्यय विबरणमा सहकारी संघसंस्थाबाट पेश हुने रोक्का तथा फुकुवासम्बन्धी कार्य पूर्ण रुपमा अनलाईन प्रणालीबाट सञ्चालन गरिने, कानूनमा आवश्यक संशोधन गरी सहकारिताको सिद्धान्त र नीति वमोजिम सहकारी सञ्चालन हुने व्यवस्था गरिने, बचत तथा ऋण सहकारी संस्थाको नियमन गर्न नियामक निकाय स्थापना गरिने, बचत तथा ऋण सहकारी संस्थाहरुलाई एकापसमा गाभिन सहजीकरण गरिने, बचत तथा ऋण सहकारी संस्थामा देखिएका समस्या समाधानका लागि समस्याग्रस्त सहकारीका सञ्चालक र

एकाघरपरिवारका सदस्यको नाममा रहेको सम्पत्तीको धितोको सुरक्षणमा रु.५ लाखसम्मका बचतकर्ता सदस्यको रकम फीर्ता गर्ने व्यवस्था मिलाईने उल्लेख गरिएको थियो ।

१८) आर्थिक बर्ष २०८२/८३ का लागि प्रस्तावित बार्षिक आयव्यय विबरणमा सहकारी संस्थाहरुको वर्गीकरण, एकीकरण र संरचनात्मक सुधार गरिने, राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारीको प्रभावकारी नियमन गरिने, सहकारी संस्थामा रहेको रु.पाँच लाखसम्मको बचत रकमको निक्षेप तथा कर्जा सुरक्षण कोषमार्फत निक्षेप सुरक्षण गरिने, सहकारीको रकम अपचलन गर्नेको सम्पत्ती लिलाम विक्रि गरी प्राप्त हुने रकम बचतकर्तालाई फिर्ता गर्न चक्रिय कोष स्थापनाका लागि बीउपूँजीको व्यवस्था गर्ने, सहकारी ऋण असुली न्यायाधीकरणको स्थापना गर्ने, समस्याग्रस्त सहकारीका सञ्चालक, पदाधिकारी र कर्जा अपचलनकर्ताको सम्पत्ती एवम् राहदानी रोक्का गरिने उल्लेख गरिएको छ ।

## मौद्रिक नीतिमा सहकारी

*पहिलो चरण (आर्थिक बर्ष २०५९/६०–२०६३/६४)*

नेपाल राष्ट्र बैंक ऐन, २०५८ लागु हुनपुर्व सहकारी ऐन, २०४८ को दफा २६ वमोजिम करीव ३४ वटा सहकारीहरूलाई बैंकले सिमित बैंकिङ कारोवार गर्ने स्वीकृति दिएको थियो भने समय समयमा ती सहकारीहरूको अनुगमन पनि गर्दै आएको थियो । आर्थिक बर्ष २०५९/६० को मौद्रिक नीतिमा पहिलो पटक बचत तथा ऋण सहकारी संस्थाहरूको नियमन, निरीक्षण र सुपरीवेक्षण गर्ने एक छुट्टै निकायको व्यवस्था हुनु जरूरी रहेको उल्लेख गरिएको थियो । आर्थिक बर्ष २०६१/६२ को मौद्रिक नीतिमा यस बैंकबाट स्वीकृतिप्राप्त सहकारी संस्थाहरू तथा वित्तीय मध्यस्थता सम्बन्धी कार्य गर्न स्वीकृति प्राप्त गैर–सरकारी संस्थाहरूको निरीक्षण एवम् सुपरिवेक्षणको कार्य हाल यस बैंकबाट भइरहेकोमा यी संस्थाहरूको सुपरिवेक्षकीय निकायको रूपमा एउटा छुट्टै Second Tier Institution (STI) स्थापना गर्नेतर्फ आवश्यक व्यवस्था गरिने व्यवस्था उल्लेख गरिएको थियो । साथै, सहकारी ऐन, २०४८ अन्तर्गत स्थापना भई सञ्चालनमा रहेका वित्तीय सहकारी संस्थाहरूको नियमन, निरीक्षण तथा सुपरिवेक्षण कार्य गर्न संस्थागत व्यवस्था गरिने उल्लेख गरिएको थियो । यसबाट जनताको वित्तीय पहुँच बढाउँदै वित्तीय समाबेशिता अभिवृद्धि गर्ने काममा सहकारीको भूमिका महत्वपूर्ण रहेको बिषय समेट्दै सबै सहकारीलाई वित्तीय अनुशासनको बाञ्छित सीमामा राख्न आवश्यक रहेको सन्दर्भमा सहकारीहरूको नियमन, निरीक्षण र सुपरीवेक्षण गर्न आवश्यक ठानिएको देख्न सकिन्छ ।

आर्थिक बर्ष २०६२/६३ को मौद्रिक नीतिमा लघु वित्तीय संस्थाहरू र समुदायमा आधारित लघुबचत तथा लघुकर्जा कार्यक्रम सञ्चालन गर्दै आएका विभिन्न सहकारी र समुदायमा आधारित संस्थाहरूलाई एउटै कानूनी दायराभित्र ल्याउने उद्देश्यले भइरहेका ऐनहरूलाई समायोजन गरी एक लघुवित्त ऐन तर्जुमा गरी लागू गरिने व्यवस्था उल्लेख गरिएको थियो । लघुवित्त तथा ग्रामीण कर्जा देशको अर्थतन्त्रको लागि अति आवश्यक

रहेको परिप्रेक्ष्यमा "राष्ट्रिय लघुवित्त नीति" तर्जुमा पश्चात् सोको कार्यान्वयनको लागि छुट्टै लघुवित्त ऐनको तर्जुमा गरी सो ऐन अन्तर्गत प्रभावकारी नियमन, निरीक्षण तथा सुपरिवेक्षणका लागि STI खडा गर्ने कार्यलाई अगाडि बढाइने पुनः उल्लेख गरिएको थियो । आर्थिक बर्ष २०६३/६४ को मौद्रिक नीतिमा लघुवित्तसम्बन्धी कारोबार गर्ने विकास बैंक, बचत तथा ऋण सहकारी संस्था तथा गैर–सरकारी संस्थाहरूको लागि लघुवित्तसम्बन्धी छाता ऐन जारी भएपछि सो ऐन अन्तर्गत STI को स्थापना गरी सो संस्थाबाट त्यस्ता लघुवित्तसम्बन्धी कारोबारमा संलग्न संस्थाहरूको नियमन, निरीक्षण र सुपरिवेक्षण गर्ने व्यवस्था मिलाइने उल्लेख गरिएको थियो । यी व्यवस्थाले वित्तीय पहुँचमार्फत वित्तीय समाबेशिता वृद्धि गर्न सहकारीका साथै लघुवित्त संस्थाको स्थापना र सुपरिबेक्षणमा जोड दिईएको पाईन्छ । यद्यपी, आर्थिक वर्ष २०६३/६४ मै राष्ट्रिय लघुवित्त नीति तर्जुमा गर्ने उल्लेख भए तापनि लघुवित्त ऐनको तर्जुमा हालसम्म भएको देखिँदैन ।

*दोश्रो चरण (आर्थिक बर्ष २०६४/६५–२०६८/६९)*

आर्थिक बर्ष २०६४/६५ को मौद्रिक नीतिमा राष्ट्रिय लघुवित्त नीति, २०६४ मा उल्लिखित लघुवित्त विकास बैंक, वित्तीय सहकारी र वित्तीय गैरसरकारी संस्थाहरूको निरीक्षण तथा सुपरिवेक्षण गर्न एक छुट्टै दोस्रो तहको निकाय STI गठन गरिने कुरा पुनः दोहोर्याईएको थियो । प्रस्तावित दोश्रो तहको निकायको नियमन तथा सुपरिवेक्षण यस बैंकले गर्ने उल्लेख गरिएको थियो । आर्थिक बर्ष २०६६/६७ को मौद्रिक नीतिमा लघुवित्त विकास बैंक तथा अन्य वित्तीय सहकारी/गैर–सरकारी संस्थाहरूको नियमन, निरीक्षण तथा सुपरिवेक्षणसम्बन्धी कार्यको लागि एक छुट्टै दोश्रो तहको निकाय STI को गठनको कुरा पुनः दोर्याउँदै र राष्ट्रिय लघुवित्त नीति, २०६४ मा व्यवस्था भए वमोजिमको लघुवित्त विकास कोषको रकम परिचालन गर्ने सम्बन्धमा लघुवित्त ऐनको मस्यौदा तयार गरी नेपाल सरकार समक्ष पेश गरिने उल्लेख गरियो ।

आर्थिक बर्ष २०६७/६८ को मौद्रिक नीतिमा लघुवित्त संस्थाहरूको नियमन, निरीक्षण तथा सुपरिवेक्षणका लागि दोश्रो तहको नियामक निकाय STI को रूपमा लघुवित्त प्राधिकरणको स्थापना गर्ने कार्यलाई अघि बढाइने पुनः उल्लेख गरिएको थियो । आर्थिक बर्ष २०६८/६९ को मौद्रिक नीतिमा बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूबाट ठूलो मात्रामा बचत परिचालन तथा कर्जा प्रवाह भएकोले वित्तीय मध्यस्थताको सेवामा प्रतिस्पर्धा र वित्तीय पहूँच अभिवृद्धिमा पनि सहयोग पुगेको व्यहोरा उल्लेख गरिएको थियो । त्यस्तै, STI को रूपमा लघुवित्त प्राधिकरण गठन गर्ने कार्यको लागि आवश्यक ऐनको मस्यौदा नेपाल सरकार समक्ष पठाइएको र सहकारी तथा लघुवित्त संस्थाहरूको नियमन, निरीक्षण तथा सुपरिवेक्षणका लागि नियामक निकायको रूपमा लघुवित्त प्राधिकरण स्थापना गर्ने कार्यलाई शीघ्र अगाडि बढाइने पुनः उल्लेख गरिएको थियो ।

*तेश्रो चरण (आर्थिक बर्ष २०६९/७०–२०७३/७४)*

सहकारी क्षेत्रमा बढ्दो कारोवारका कारणले विभिन्न चूनौतीहरू देखा परेको सन्दर्भमा नेपाल राष्ट्र बैंकले विशेषज्ञ सेवा उपलब्ध गराई केही सहकारीको अनुगमन निरीक्षण सम्पन्न गरे पश्चात आर्थिक बर्ष २०७०/७१ को मौद्रिक नीतिमा वार्षिक रू.५० करोडभन्दा बढीको कारोबार गर्ने बचत तथा ऋण सहकारी संस्थाहरूको अनुगमनमा सहकारी विभागलाई यस बैंकबाट विशेषज्ञ सेवा उपलब्ध गराइने उल्लेख भएको हो । आर्थिक

बर्ष २०७२/७३ को मौद्रिक नीतिमा बचत तथा ऋण सहकारी संस्थाहरूका साथै लघुवित्त कारोबार गर्ने संस्थाहरूको संख्यामा उल्लेख्य वृद्धि भइरहेको र यी संस्थाहरूको प्रभावकारी नियमन तथा सुपरिवेक्षण गर्न एउटा छुट्टै सबल निकायको आवश्यकता रहेको कुरा पुनः उल्लेख गरियो ।

*चौथो चरण (आर्थिक बर्ष २०७४/७५–२०८१/८२)*

आर्थिक बर्ष २०७४/७५ को मौद्रिक नीतिमा बचत तथा ऋण सहकारी संस्थाहरूको संख्या र साधन परिचालनमा भएको वृद्धिले वित्तीय पहुँच विस्तारमा थप सहयोग पुगे तापनि सहकारीहरूको नियमन तथा सुपरिवेक्षण प्रभावकारी बनाई समग्र वित्तीय क्षेत्रको स्थायित्व कायम गर्ने चूनौती भने बढ्दै गएको उल्लेख गरिएको थियो । आर्थिक बर्ष २०७८/७९ को मौद्रिक नीतिमा बचत तथा ऋण सम्बन्धी कारोबार गर्ने सहकारी संस्था बाहेकका अन्य विषयगत सहकारी संस्थाका समूह सदस्यमार्फत सामूहिक खेती तथा पशु/पंक्षीपालन गर्ने प्रयोजनको लागि प्रति सदस्य रू.५ लाख ननाघ्ने गरी त्यस्ता सहकारी संस्थाहरूलाई वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरूले कर्जा उपलब्ध गराउन सक्ने व्यवस्था मिलाइने उल्लेख गरियो ।

आर्थिक बर्ष २०७९/८० को मौद्रिक नीतिमा बचत तथा ऋण सहकारी संस्थाहरूको नियमन, निरीक्षण तथा सुपरिवेक्षण व्यवस्थालाई प्रभावकारी बनाउन बैंकले आवश्यक सहयोग पुर्याइने उल्लेख गरियो । आर्थिक बर्ष २०८०/८१ को मौद्रिक नीतिमा बचत तथा ऋण सहकारी संस्थाको प्रभावकारी नियमन तथा सुपरिवेक्षणका लागि छुट्टै विशिष्टिकृत नियामक निकाय स्थापना गर्न आवश्यक सहजीकरण गरिने उल्लेख गरियो । आर्थिक बर्ष २०८१/८२ को मौद्रिक नीतिमा बचत तथा ऋण सहकारी संस्थाको नियमन तथा सुपरिवेक्षणका लागि छुट्टै संयन्त्रको निर्माणका लागि आवश्यक कानुन बनाउन नेपाल सरकारसँग समन्वय गरिने उल्लेख गरियो ।

# खण्ड-घ

# सहकारीसम्बन्धी अध्ययन प्रतिवेदन

## सहकारी क्षेत्र सुधार सम्बन्धी अध्ययन तथा छानवीन

नेपाल सरकारले २०२४ सालदेखि २०८१ सालसम्म विभिन्न समयमा सहकारी क्षेत्र सुधार सम्बन्धमा अध्ययन तथा छानवीन गर्दै देखा परेका समस्या समाधानका लागि परामर्श तथा राय सुझाव पेश गर्न विभिन्न आयोग, समिति र कार्यदल गठन गरेको देखिन्छ ।

तालिका नं. ४

सहकारी क्षेत्र सुधार सम्बन्धमा अध्ययन तथा छानवीन गर्न गठीत कार्यदल, समिति तथा आयोग

| क्र.सं. | प्रतिवेदनको नाम | बर्ष | प्रमुख |
|---|---|---|---|
| १ | केन्द्रीय सहकारी छानबिन समितिको अध्ययन | २०२४ | डा. मोहनमान सैंजु |
| २ | साझा विकास योजना मस्यौदा अध्ययन | २०३५ | रणधीर सुब्बा |
| ३ | नेपालमा साझा अभियानको विकास र विस्तार सम्बन्धी अध्ययन | २०४२ | नारायणदास श्रेष्ठ |
| ४ | राष्ट्रिय सहकारी महासङ्घ परामर्श समिति | २०४७ | राधाकृष्ण मैनाली |
| ५ | राष्ट्रिय सहकारी बैङ्क र बचत तथा ऋण सहकारी संस्थाको सञ्चालनका लागि आवश्यकता पर्ने कानूनी स्वरूप तथा संस्थागत व्यवस्थासम्बन्धी (उच्चस्तरीय) समिति | २०६१ | तुलसीप्रसाद उप्रेती |
| ६ | राष्ट्रिय सहकारी बैङ्क र बचत तथा ऋण सहकारी संस्थाहरूको कानूनी र संस्थागत व्यवस्था सम्बन्धी अध्ययन समिति | २०६१ | डा. युवराज खतिवडा |
| ७ | उच्चस्तरीय सहकारी सुधार सुझाव समिति | २०६१ | होमनाथ दाहाल |
| ८ | सहकारी क्षेत्रका समस्या समाधानका लागि नीतिगत, प्रक्रियागत र संस्थागत विषयमा सिफारिश गर्न गठित कार्यदल | २०६६ | डा. दिनेशचन्द्र देवकोटा |
| ९ | बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको नियमन गर्ने सम्बन्धमा सुझाव समिति | २०६९ | डा. वैकुण्ठ अर्याल |
| १० | समस्याग्रस्त बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको छानबिन समिति | २०६९ | महाप्रसाद अधिकारी |
| ११ | बचत तथा ऋण कारोबार गर्ने समस्याग्रस्त सहकारी संस्थाहरूको छानबिन गर्न गठित जाँचबुझ आयोग | २०७० | गौरीबहादुर कार्की |
| १२ | सहकारी क्षेत्र सुधार सुझाव कार्यदल | २०८० | डा. जयकान्त राउत |
| १३ | सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समिति | २०८१ | सूर्यबहादुर थापा |

श्रोतः सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिको प्रतिवेदन, २०८१

तालिका नं. ४ मा उल्लिखित विभिन्न अध्ययन समिति, कार्यदल र आयोगका मुख्य सुझाव तथा सिफारिस देहाय वमोजिम रहेका छन् ।

- सहकारीको नियमन, अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गर्न नेपाल राष्ट्र बैङ्कको सक्रियतामा दोस्रो तहको नियमनकारी संस्था निर्माण गर्ने,
- पल्स रेटिङ र वित्तीय अनुपात प्रणालीलाई कार्यान्वयनमा ल्याउने,
- बचत तथा ऋण सहकारीका लागि निक्षेप र ऋणको सीमा तोक्ने,
- शैक्षिक संस्थाहरूबाट औपचारिक सहकारी शिक्षा दिने व्यवस्था मिलाउने,
- सञ्चालक समितिका कुनै पनि व्यक्ति कार्यकारी पदमा रहन नपाउने व्यवस्था गर्ने,
- पचास करोड रूपैयाँभन्दा बढीको कारोबार गर्ने सहकारीको विशेष लेखापरीक्षण गराउने,
- पचास करोडभन्दा माथिको कारोबार गर्ने सहकारीको अनुगमन नेपाल राष्ट्र बैङ्कबाट गर्ने,
- घर-घरमा संकलक पठाएर रकम सङ्कलन गर्ने प्रचलन तुरून्त बन्द गर्ने,
- बचत सङ्कलन गर्ने शाखाहरू तुरून्त बन्द गर्ने,
- सहकारी बचत तथा कर्जा सुरक्षण कोष, कर्जा असुली न्यायाधिकरण तथा कर्जा सूचना केन्द्र तत्कालै स्थापना गर्ने,
- सहकारीका सञ्चालक तथा कर्मचारीहरूको सम्पत्ति विवरण सङ्कलन र अभिलेखीकरण गर्ने,
- बैङ्कहरूबाट भइरहेका समस्याग्रस्त सहकारीको धितो लिलामको क्रमलाई केही समय स्थगित गर्ने, आदि ।

## उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदनमा सहकारी

नेपाल सरकारद्वारा पुर्व सचिव रामेश्वर खनालको संयोजकत्वमा गठीत उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदन, २०८१ अन्तर्गत सहकारी क्षेत्रको सुधार सम्बन्धमा प्रस्तुत भएका सुझावहरु देहाय वमोजिम रहेका छन् ।

१) तत्कालका लागि तिनै तहको सरकारले नयाँ सहकारी संस्था र सञ्चालनमा रहेका सहकारीहरुको शाखा खोल्न बन्द गर्ने ।

२) सहकारी संस्थाका सम्बन्धमा सहकारी विभागले राष्ट्रिय तथ्यांक कार्यालयसंग सहकार्य गरेर सहकारीको विस्तृत तथ्यांक संकलन गर्ने ।

३) एकभन्दा बढी शाखा खोली सञ्चालनमा रहेका सहकारीहरुलाई हिसाव राफसाफ गरी शाखा बन्द गर्न लगाउने ।

४) स्थानीय स्तरमा कार्यक्षेत्र भएका सहकारीलाई समेत कर्जा लिन र बचत राख्न निश्चित सिमा (रु.२५ लाख) तोक्ने ।

५) स्थानीय स्तरका सहकारीको नियमन र सुपरिवेक्षण गर्न स्थानीय तहको क्षमता अभिवृद्धि गर्ने।

६) समस्याग्रस्त सहकारीहरुको हिसाव राफसाफ गर्न समस्याग्रस्त सहकारी समस्या समाधान समितिलाई पर्याप्त जनशक्तिको व्यवस्थापन गर्ने । सानो स्तरको रु.पाँच लाखसम्मको रकम फिर्ता गर्न उक्त समितिलाई सरकारले पछि फिर्ता आउने गरी रकम उपलब्ध गराउने ।

७) सहकारीलाई समस्याग्रस्त बनाउने सञ्चालकहरुको पासपोर्ट रोक्का गरी विदेश जान प्रतिवन्ध लगाउने र तिनिहरुको सम्पत्ती रोक्का राख्ने । त्यस्तै, सहकारीबाट कर्जा लिई कर्जा अपचलन गर्ने व्यक्तिहरुको पनि पासपोर्ट एवम् सम्पत्ती रोक्का गर्ने ।

८) बचत तथा ऋण सहकारी संस्थाहरुको कार्यक्षेत्र एक स्थानीय तहको भौगोलिक क्षेत्रभन्दा बढी हुन नदिने गरी कानूनी व्यवस्था गर्ने ।

९) सहकारी संस्थालाई कम्पनीलाई वा कुनै संगठीत संस्थालाई सदस्य बनाउन निषेध गर्ने, प्राकृतिक व्यक्ति मात्र सदस्य हुन पाउने व्यवस्था गर्ने ।

१०) बचत तथा ऋण सहकारी संस्थाहरुमा एकल कर्जा सिमाको कानूनी व्यवस्था गर्ने । तत्कालका लागि एकै व्यक्तिलाई एउटा वा एकभन्दा बढी तमशुकबाट हुने कूल ऋण लगानी संस्थाको कूल शेयरपूँजीको दश प्रतिशतभन्दा बढी हुन नदिने व्यवस्था गर्ने ।

११) बचत तथा ऋण सहकारी संस्थाहरुले आफ्नो प्रयोगका लागि बाहेक विक्रि गर्ने प्रयोजनका लागि जग्गा खरिद गर्न निषेध गर्ने कानूनी व्यवस्था गर्ने ।

१२) बचत तथा ऋण सहकारी संस्थाहरुले आफ्ना सदस्यहरुको आवास विकासका लागि घर आवास नभएका एक सदस्यलाई आवास निर्माण गर्ने प्रयोजनका लागि निश्चित क्षेत्रफल (१००० वर्ग मिटरसम्म) मात्र जग्गा खरिद गर्न ऋण दिनसक्ने ।

१३) बचत तथा ऋण सहकारी संस्थाहरुले एकै उद्देश्य वा क्षेत्रमा कूल ऋण लगानीको २५ प्रतिशतभन्दा बढी गर्न नपाउने र कर्जा निक्षेप अनुपात अधिकतम् ९० प्रतिशतसम्म मात्र हुनसक्ने गरी नियामकीय व्यवस्था गर्ने ।

# खण्ड-ङ

# सहकारी क्षेत्रको गन्तव्य र प्राधिकरणको जिम्मेवारी

नेपालमा सहकारी क्षेत्रको सुरुवात र विकासक्रमलाई अध्ययन गर्दा नीति तथा कानून निर्माण, संस्थागत संरचनाको व्यवस्था, सुशासन अभिवृद्धि, सदस्यको जोखिम एवं हित संरक्षण, जनशक्ति व्यवस्थापन तथा क्षमता अभिवृद्धि, आर्थिक स्रोतको व्यवस्था, संस्थागत स्वायत्तता, अनुगमन तथा मूल्याङ्कन र अध्ययन अनुसन्धान जस्ता क्षेत्रलाई प्राथमिकता दिनुपर्ने देखिन्छ ।

लामो समयदेखिको राजनीतिक स्थायित्व, नीतिगत स्पष्टता, दक्ष जनशक्ति, पूँजी, प्रविधि र पद्धतिको अभावमा सहकारी क्षेत्रको गुणात्मक विकास पछि परेको देखिन्छ। विगत समयमा सञ्चालित भूमि सुधार कार्यक्रम, अनिवार्य बचत कार्यक्रम, कृषि पुनर्गठन कार्यक्रम तथा निरीक्षण ऋण प्रणाली, निर्दिष्ट सहकारी कार्यक्रम, कृषिका साथै गैरकृषि साझा कार्यक्रम, साना किसान सहकारी, सहकारी क्षेत्रको विकास र बिस्तार उल्लेख्य प्रयासहरू मान्न सकिन्छ। सहकारी क्षेत्रको विकास, बिस्तार र सुदृढीकरणका लागी सरकारले समय–समयमा नीतिगत, संस्थागत, संरचनात्मक र प्रणालीगत रूपका विशेष प्रयासहरू गर्दा पनि व्यवहारिक रुपमा त्यसको प्रभावकारिता फितलो देखिएको छ ।

सहकारी सदस्यहरुकै सम्पत्ती भएकोले यसको जगेर्ना गर्ने जिम्मेवारी सदस्यहरुकै हो । तसर्थ, अल्प तथा मध्यमकालमा सहकारीमा देखिएका समस्या समाधानका लागि नियामक निकायको भूमिका प्रमुख हुने भएता पनि दिर्घकालमा सहकारीहरुलाई सदस्यकै नियमन तथा नियन्त्रण रहने गरी विकास तथा व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ । यसले एकातिर सरकारको नियामकीय भार कम गर्न मदत गर्दछ भने अर्कोतिर सदस्यलाई संस्थाप्रति जिम्मेवार बनाउँदै सहकारीको मूल्य, मान्यता र सिद्धान्तको संरक्षण तथा पालना गर्न मदत पुग्दछ । त्यसका लागि, हालको विषम परिस्थितिलाई व्यवस्थापन गर्न, शुरूको केही अवधिमा नियमन तथा सुपरिबेक्षणमा कडाई गर्दै, क्रमशः त्यसको न्यूनीकरण गर्नेतर्फ जाने दीर्घकालिन रणनीति अवलम्बन गर्नुपर्दछ ।

सहकारीलाई व्यवसायिकतामा अघि बढ्ने, सदस्यलाई साक्षर, उत्तरदायि र जिम्मेवार बनाउने सामूहिक व्यावसायमा व्यक्तिलाई हावी हुन नदिने वातावरण बनाउन सकेमा सहकारी सम्पूर्ण रुपमा सदस्यकै जिम्मेवारीमा विकास हुनसक्दछ । निश्चित अबधि पश्चात सहकारीका सबै कार्य र कृयाकलापमा सदस्य नै जिम्मेवारी हुने गरी ‘न्यून नियमन हुँदै विनियमन’को अवस्थामा पुग्न सकिन्छ ।

वर्तमान अवस्थामा प्राधिकरणको जिम्मेवारी देहाय वमोजिम रहने देखिन्छ ।

१) सहकारीसम्बन्धी राष्ट्रिय स्तरको तथ्याङ्क अभिलेखीकरण र सहकारीको वर्गीकरण

२) राष्ट्रिय सहकारी नियमन प्राधिकरण ऐन तर्जुमा

३) सहकारीलाई पूर्णरुपमा सदस्यमुखी बन्ने उत्प्रेरणा सहित स्वउत्तरदायी बनाउने पद्वतीको विकास

४) बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारीको विवेकशील नियमन र प्रभावकारी सुपरिवेक्षणका माध्यमबाट सहकारीका बचतकर्ताको बचत रकमको सुरक्षामा जोड

५) नियमन र सुपरिवेक्षण कार्यका अतिरिक्त जारि गरिने निर्देशन तथा मापदण्डहरु एकद्वार प्रणालीबाट सम्पादन ।

## सन्दर्भ सामग्रीहरु


१) सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिको प्रतिवेदन, २०८१: संसद सचिवालय, सिंहदरवार ।

२) नेपालको अन्तरिम संविधान, २०६३: नेपाल कानून आयोग, ।

३) नेपालको संविधान: संविधानसभा सचिवालय, सिंहदरवार, काठमाडौं ।

४) सहकारी ऐन, २०४८: नेपाल कानून आयोग ।

५) सहकारी ऐन, २०७४: नेपाल कानून आयोग ।

६) सोह्रौं योजना (२०८१/८२–२०८५/८६): राष्ट्रिय योजना आयोग ।

७) उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदन, २०८१ ।

८) सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० ।

९) राष्ट्रिय सहकारी नीति, २०६९ ।

१०) आर्थिक सर्भेक्षण, २०८२: अर्थ मन्त्रालय, नेपाल सरकार ।